# गैडहवा गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
विष्णुपुरा रुपन्देही

प.स. ०७८/०७९ | लुम्बिनी प्रदेश

च.न. ३६२ | मिति २०७८/०५/२०

**बिषय - Iemis सम्बन्धमा जानकारी।**

श्री गा.पा.भित्रका सम्पुर्ण सामुदायिक सस्थागत तथा मदरसा
विद्यालयहरु ।

प्रस्तुत विषयमा यस गा.पा. भित्रका सन्चालित सम्पुर्ण विद्यालयहरुले यही भाद्र मसान्त भित्र आ-आफ्नो विद्यालयको Iemis फाईलहरु भर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.न. २०मिती २०७८/०५/०४ र च.न. २३ मिति २०७८/०५/१६ को पत्रानुसार तथा सम्बन्धित निकायहरु बाट पटक-पटक-पटक जानकारी गराउँदा पनि हाल सम्म दुरुस्त रुपले अद्यावधिक गरेको तपसीलका विद्यालयहरुको मात्र फाइल अपडेट भएको छ । अपडेट गरेका विद्यालयहरुको फाइलले माँग गरेको विवरण न भरेको हुनाले अपडेट भएको देखिएको छैन् । तसर्थ तत्काल Iemis ले माँग गरेको विवरण भरी अपडेट गर्न गराउन हुन जानकारी गराइन्छ । Iemis अपडेट न भएका विद्यालयहरुले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सेवा सुबिधा बाट बञ्चित भएमा विद्यालयका प्र.अ.नै स्वयम जिम्मेवार हुने र गा.पा.बाट हरेक प्र.अ. बैठकमा विभागको निर्देशन र वेबसाइट द्वारा जानकारी अवगत भएको छ । यसर्थ बाँकी रहेका विद्यालयहरुले आफै वा गा.पा.को शिक्षा शाखामा सम्पर्क राखी Iemis सम्बन्धी काम यथाशीघ्र सम्पन्न गर्न जानकारीका साथ अनुरोध छ ।

**<u>हाल सम्म Iemis अपडेट भएका विद्यालयहरुको नामावली</u>**

| | | |
|---|---|---|
| १- विष्णुपुरा मा.वि. जीतपुर | १० | मदरसा इक्रा इस्लामिया |
| २-मदरसा दारुल इस्लामिया | ११ | सिद्धार्थ गौ.बु.आ.वि. |
| ३-मदरसा इक्रा इस्लामिया | १२ | मदरसा दारुल वलुम ननौली |
| ४-कृषक आ.वि. | १३ | तालिमुल इस्लाम मदरसा सगरहवा |
| ५-जीवन ज्योति मा.वि. | १४ | जनजागृती मा.वि. |
| ६-हसनापुर मा.वि. | | |
| ७-तिलेश्वर्य आ.वि. | | |
| ८-ज्याउद तौहिद मदरसा | | |
| ९-मदरसा जामिया इस्लामिया | | |

२०७८/०५/२०
माधवराज पौडेल
शाखा अधिकृत

माधवराज पौडेल
शाखा अधिकृत

web site: www.gaidahawagaupalikamun.gov.np Email: gaidahawagaupalika@gmail.com

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.सं.:शै.सू.व्य. २०७८/७९

च.नं.: 23

मिति: २०७८।०५।१६

**विषय :IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह (विद्यालयको विवरण अद्यावधिक गर्न बाँकी) सबै**

**श्री विद्यालय (विवरण अधावधिक गर्न बाँकी) सबै**

उपरोक्त सम्बन्धमा यस केन्द्रको प.सं.शै.सू.व्य. २०७८/७९ च.नं. ०१ मिति २०७८।०४।७ र च.नं. २० मिति २०७८।०५।०४ को पत्रबाट एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS)अन्तर्गतको Excel based file मा (शैक्षिक सत्र २०७८ देखि यस प्रणालीमा भएको परिमार्जित Version अनुसार) संलग्न विवरण मिति २०७८ भाद्र १५ भित्र अद्यावधिक गरी iemis.cehrd.gov.np को नयाँ प्रणालीमा Upload गर्नको लागि समय निर्धारण गरिएको व्यहोरा विदितै छ ।

निर्धारित समय व्यतित भइसक्दा पनि केही विद्यालयहरुको विवरण अझै अद्यावधिक नभएको पाइएकाले बजेट तथा कार्यक्रम तयारीमा समस्या सृजना भएको छ । समयमा विवरण अद्यावधिक नगरिएका कारण प्राप्त हुने अनुदानबाट विद्यालय र सेवा सुविधाबाट विद्यार्थी वञ्चित हुने अवस्था सृजना भएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै जिम्मेबार हुने भएकाले विद्यालयले मिति **२०७८ भाद्रमसान्तभित्र** अनिवार्य रुपमा विवरण अद्यावधिक गरी Upload गर्नु हुन र यस कार्यमा स्थानीय तहबाट आवश्यक सहजीकरण गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।

पुनश्च: **विद्यालय शिक्षासँग सम्बन्धित समसामयिक जानकारी एवम् सूचनाका लागि यस केन्द्रको वेवसाइट www.cehrd.gov.np र प्रत्येक महिना (१ र १६ गते) को गोरखापत्र (विद्यालय शिक्षा सम्बन्धी गतिविधि), NCED virtual (you tube channel) हेर्नु हुन तथा केन्द्रको Official Viber Community -CEHRD मा Join हुनुका साथ सोका लागि अन्य** सरोकारवालाहरुलाई समेत सुचित गरिदिनु हुन अनुरोध छ

रामचन्द्र शर्मा

निर्देशक

बोधार्थ

श्री सामाजिक विकास मन्त्रालय

(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ(सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।